# धरान नगरपालिका कार्यालय

## धरान १२, सुनसरी

# सेवा प्रवाह तथा नियमन व्यवस्था सम्बन्धी कार्यविधि २०६९

२०६९/०९/२९ को
१८ औं नगर परिषद्बाट स्वीकृत

<u>तयार गर्ने</u>
धरान नगरपालिका
प्रशासन शाखा

# धरान नगरपालिका कार्यालय

## सेवा प्रवाह तथा नियमन व्यबस्था सम्वन्धी कार्यविधि २०६९

## पृष्ठभूमी

स्थानीय स्वयत्त शासन ऐन २०५५ तथा स्थानीय स्वयत्त शासन नियमावली २०५६ लागू भएपछि नगरपालिकाहरुले स्थानीय सरकारको रुपमा काम गरिरहेका छन । उक्त ऐन तथा नियमावलीमा भएको व्यबस्था अनुसार धरान नगरपालिकाले पनि सेवा ग्राहीहरुलाई सेवा प्रवाह गर्ने र नियमन गर्ने काम गरिरहेको छ । नगरपालिका वाट प्रवाह हुने सेवालाई व्यबस्थित,सहज र सर्वसाधणले सजिलै प्राप्त गर्न सकुन साथै ऐन तथा नियमावलीमा प्रष्ट प्रकृया किटान नभएको नियमन सेवा सहज र प्रभाबकारी होस भन्ने उद्देश्यले स्थानीय सवयत्त शासन नियमावली २०५६ को नियम २७६ को अधिकार प्रयोग गरी यो सेवा प्रवाह तथा नियमन व्यबस्था सम्वन्धि कार्यविधी २०६९ वनाई मिति २०६९।०९।२९ गतेको नगरपरिषद वाट स्वीकृत गरि लागू गरिएको छ । सेवा प्रवाह तथा नियमन व्यबस्था सम्वन्धमा अन्य ऐन तथा नियमावलीमा ब्याबस्था भएकोमा सोही अनुरुप र नभएको अबस्थामा यसै कार्यविधीका आधारमा हुने छ ।

## १.परिभाषा:

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा निम्न लिखित शव्द हरुले निम्न लिखित अर्थ बुझिने छ

क) ऐन भन्नाले स्थानीय स्वायत्त शासन ऐन २०५५ लाई जनाउने छ ।

ख) नियमावली भन्नाले स्थानीय स्वयत्त शासन नियमावली २०५६ (चौथो संसोधन २०६६ ) लाई जनाउने छ ।

ग) वडा समिति भन्नाले धरान नगरपालिका अर्न्तगतका १९ वटै वडा समिति कार्यालय लाई जनाउने छ ।

घ) वडा अध्यक्ष भन्नाले प्रतेक वडामा वडा वडाध्यक्षको काम गर्न व्यक्तिलाई जनाउने छ ।

ङ) वडा सचिव भन्नाले सचिवको काम गर्न नगरपालिका वाट खटाईएको कर्मचारी लाई जनाउने छ ।

च) सेवा ग्राही भन्नाले नगरपालिकामा कुनै पनि कामले आउने व्यक्ति वा संस्थालाई वुझाउने छ ।

छ) नगरपालिका भन्नाले धरान नगरपालिका कार्यालय भन्ने बुझाउने छ ।

ज) कार्यविधि भन्नाले धरान नगरपालिका वाट जारी भएको सेवा प्रवाह तथा नियमन व्यबस्था सम्वन्धि कार्यविधि २०६९ लाई बुझाउने छ ।

## २. सेवा प्रवाहमा वडा समितिको भूमिका :

क)सेवा प्रवाह सम्वन्धमा :

कुनै पनि सेवाग्राहीले आफूले चाहेको सेवा प्राप्त गर्न पहिले आफू वसेको वडासमिति कार्यालयमा सम्पर्क गर्नु पर्ने छ | व्यक्तिगत घटना दर्ता गर्ने, सामाजिक सुरक्षा भत्ताको विवरण अध्यावधि गर्ने,सडक वत्ति मर्मतको व्यबस्था मिलाउने जस्ता कामहरु वडा समिति कार्यालय वाटै उपलब्ध हुने सेवा भएकाले त्यस्ता सेवाहरुको हकमा सेवाग्राहीले माग गरेको सेवाको वारेमा राम्ररी वुझी सो संग सम्बन्धित फरम भरी वा भर्न लगाएर नगरपालिका कार्यालयमा सिफारिस गर्नु पर्दछ |

ख) सडक वत्ती मर्मत सम्बन्धमा :

आफनो टोलमा सडक वत्ती विग्रीएर नबल्ने भएमा आफ्नो वडा समिति कार्यालयमा रिपोट गर्नु पर्ने छ | त्यस्तो रिपोर्ट लिखित,मौखिक वा टेलीफोन मार्फत पनि गर्न सकिने छ | मौखिक वा टेलिफोन मार्फत प्राप्त रिपोर्ट लाई वडा सचिवले टिपोट गरी राख्नु पर्ने र नगरपालिका वाट प्राविधिक आएका वखत टिपोट गरिएको प्राथमिकताका आधारमा मर्मत गरिदिने व्यबस्था वडा सचिबले गर्नु पर्दछ |

ग) व्यक्तिगत घटनाहरु दर्ता सम्बन्धमा :

यदि कुनै व्यक्तिगत घटना घटेमा त्यस्तो घटना व्यक्तिगत घटना दर्ता ऐन र सोहि नियमावलीमा भएको व्यबस्था अनुसार सम्बन्धित वडा समिति कार्यालयमा दर्ता गराउनु पर्दछ | यदि कुनै वडा वासी व्यक्तिगत घटना दर्ता गराउन आएमा वडा सचिवले फारम भर्न लगाई नियमानुसार घटना दर्ता गरि प्रमाण पत्र दिनु पर्ने छ |

## ३. सेवा प्रवाहमा विभिन्न शाखा तथा उपशाखाहरुको भूमिका :

सेवाग्राही हरुलाई वडा समिति कार्यालय वाट प्राप्त सिफारिसका आधारमा जुन शाखा वा उपशाखा संग संम्बन्धित सेवा हो सोहि शाखा वा उपशाखा वाट मागभएको सेवा उपलब्ध गराउनु पर्ने छ | तपशिलका सेवाहरु तपशिलका शाखा वा उपशाखा वाट प्रदान गरिने छ |

क) प्रशासन शाखा वाट प्राप्त हुने सेवाहरु :

नाता प्रमाणित,नागरिकताको सिफारिस,मृतकको नामवाट घर जग्गा नामसारी सिफारिस,जग्गा धनी पूर्जा हराएमा प्रतिलिपी प्राप्तीको सिफारिस,फोटा टासको सिफारिस,नाबालक परिचय पत्रको सिफारिस,पेन्सन सम्वन्धि सिफारिसहरु,व्यक्तिगत घटना दर्ता ऐन लागू हुनु पहिले घटेका घटनाहरुको प्रमाणित,आदिवासी जनजाति समुदाय,मधेशी समुदाय,मुस्लिम समुदाय भित्र पर्दछ भन्ने सिफारिस,मोहियानी हक नामसारी वा लगत कट्टा सम्बन्धी सिफारिस,दुई वा सो भन्दा वढी नाम थर ताथ जन्म मिति भएको व्यक्ति एउटै हो भन्ने सिफारिस ,सावारी दर्ता वा सवारीको नामसारी सिफारिस लगायत अन्य शाखा उपशाखाको क्षेत्र भित्र नपरेका विविध सिफारिसहरु |

ख) योजना शाखा वाट : विकास निर्माण सम्वन्धि कामका अलावा विजुलीका पोलहरु, खाने पानीका पाईपहरु सार्ने सिफारिस,विभिन्न निकायहरुमा मागभएका विकास निर्माणका लागि सिफारिस,आदि |

ग) घरनक्सा पास उपशाखा वाट : घर वाटो प्रमाणितको सिफारिस,विजुली पानी जडानको सिफारिस, घरनक्सा पास गर्ने, चार किल्ला प्रमाणित गरिदिने,वाटो दर्ता तथा नामाकरण गरिदिने आदि |

घ) राजश्व उपशाखा वाट : पेशा व्यबसाय दर्तागरी प्रमाण पत्र उपलब्ध गराउने,व्यबसाय बन्द भएमा लगत कट्टाको सिफारिस गर्ने,घर जग्गाको मूल्याङ्कन गरिदिने, आदि |

ङ) कानून उपशाखा वाट : सम्वन्ध बिच्छेदको सिफारिस,यातायात बन्द भएको सिफारिस,कार्ट फि मिनाहाको सिफारिस,मानिस विदेश भएको भन्ने सिफारिस आदि |

च) सामाजिक विकास शाखा : अपाङ्ग परिचयपत्र कालागि सिफारिस,आर्थिक अबस्था कमजोर भएको सिफारिस,विद्यालयको स्तर बृद्धिको सिफारिस आदि |

छ) लेखा उपशाखा वाट : नियमित भुक्तानी दिने कामका अलावा खाता खोल्ने वा वन्द गर्ने सिफारिस |

ज) सूचना शाखा : नगरपालिका सम्वन्धि माग भएका सूचना हरु सूचनाको हक सम्वन्धि ऐनमा भएको व्याबस्था अनुरुप उपलब्ध गराउने |

## ४.कान्जिहाउस संचालन सम्वन्धमा :

कसैले पनि आफना घरमा पालिएका पशुहरु छाडा छाडन पाउने छैन | यदि कसैले पशुपाल्न चाहेमा आफनो घरमा व्यबस्थित तरिकाले पाल्नु पर्ने छ | यदि कसैले छाडा छाडेको पाइएमा नगरपालिका वाट वनाईएको कान्जिहाउसमा छाडा छोडिएका पशुहरु पक्राउ गरी थुन्ने दायित्व नगर प्रहरी उपशाखाको हुनेछ | त्यसरी पक्राउगरी थुनिएका पशुहरुका सम्वन्धमा तपशिल अनुसार गरिने छ |

क) पक्राउ गरी थुनिएका पशुहरु सात दिन भित्रमा सम्वन्धित पशु धनी लिन आएमा नगरपरिषदले निर्धारण गरेको तपशिल अनुसारको जरिवाना तिरेर पशुधनीले निखनेर लान पाउने छन |

कान्जीहाउसमा थुनिएका पशुहरुको जरिवाना सम्वन्धमा :

- ठूलो गाई, गोरु,भैसी,रागा, वंगुर प्रति दिन प्रति गोटा रु ५००|
- साना वाछा,वाछि,पाडा,पाडी बंगुरका पाठा पाठी प्रति दिन प्रति गोटा रु २५०|
- ठूला बाखा खसी प्रति दिन प्रति गोटा रु २००|
- वाखाका पाठा पाठी प्रति दिन प्रति गोटा रु १००|

ख) पक्राउ परेको सात दिन भित्रमा पशुधनी लिन नआएमा लिलामीका लागि सूचना प्रकाशन गरिने छ | त्यस्तो सूचनामा लिलाम हुने पशुको विवरण,लिलाम हुने मिति,समय,स्थान, पशुको न्यूनतम मूल्य जस्ता विवरणहरु उल्लेख गरिने छ |

ग) लिलाम गर्दा खुल्ला वढावढ प्रकृया वाट आर्थिक प्रशासन नियमावली मा भएको व्यबस्था अनुसार गरिनेछ

## ५. वजार नियन्त्रणका क्रममा जफत गरीएका सामानहरुका सम्वन्धमा :

कसैले पनि नगरपालिकाले निशेधित गरेको क्षेत्रमा सडक किनारा तथा पेटीमा सामान राखेर विक्रि वितरण गर्न पाउने छैन | यदि कसैले सो कार्य गरेमा नगरप्रहरी तपशिलको प्रकृया पूरा गरेर हटाउने छ |

क) प्रथमपटक निषेधित ठाउवाट हटन अनुरोध गर्ने र हटने अल्टीमेटम दिने |

ख) दिएको अल्टीमेटमको समय भित्रमा पनी नउठेमा सामान उठाएर लैजाने |

ग) नगर प्रहरीले उठाएका सामानहरु तत्काल कुहिने प्रकृतिका जस्तै साग,अन्य हरियो तरकारी,टमाटर,केरा आदि २४ घण्टा भित्रमा र तत्काल नकुहने जस्तै आलु,प्याज,अदुवा,स्याउ शुन्तला आदि २ दिन भित्रमा सम्बधित सामान धनी सामान लिन आएमा नगरपरिषद वाट निर्धारण गरेको तपशिलमा उल्लेखित जरिमान तिरेर लान सक्नेछन | सो निर्धारित समयमा लिन नआएमा तत्काल लिलाम गरि आएको रकम नगरपालिकामा जम्मा गरिने छ | तर एकै व्यक्तिले लगातार तीन पटक सम्म निषेधित ठाउमा सामान राखी पक्राउ परेमा जरिवाना तिरेर सामान दिन नगरपालिका वाध्य हुने छैन |

लाग्ने जरिवाना

- शुन्तला,स्याउ,अंगुर, आप जस्ता फल फूल प्रति केट रु १००|
- शुन्तला,स्याउ,अंगुर, आप जस्ता फल फूल प्रति ढाकी रु १००|
- शुन्तला,स्याउ,अंगुर, आप जस्ता फल फूल प्रति डोको रु २००|
- शुन्तला,स्याउ,अंगुर, आप जस्ता फल फूल प्रति वोरा (२० के.जी. भन्दा घटीको ) रु १००|
- शुन्तला,स्याउ,अंगुर, आप जस्ता फल फूल प्रति वोरा (२० के.जी. भन्दा वढीको ) रु २००|
- तरकारी प्रति केट रु ५०|
- तरकारी प्रति ढाकी रु ५०|
- तरकारी प्रति डोको रु ५०|
- तरकारी प्रति वोरा ( २० के.जी. भन्दा घटीको ) रु ५०|
- तरकारी प्रति वोरा ( २० के.जी. भन्दा वढीको ) रु ७५ |

घ) कसैले पनि अफनो व्यापार व्याबसायको विज्ञापनको स्टैण्ड वोर्ड सडक पेटीमा पैदल यात्रुलाई आवागमनमा वाधा पुग्नेगरी राख्न पाउने छैन | यदि कसैले त्यसरी राखेमा नगर प्रहरीले हटाउन अनुरोध गर्ने छ | त्यसरी अनुरोध गर्दा नहटेमा नगरप्रहरीले उठाएर लैजाने छ | त्यसरी उठाएर लगेका वोर्ड ७ दिन भित्रमा सम्वन्धित वोर्ड धनी लिन आएमा रु १००| जरिवाना गरी दिनु पर्ने छ | तोकिएको समयमा लिन नआएमा लिलामको प्रकृया वाट लिलाम गरिने छ |

ङ) सडक पेटी अतिक्रमण गरेर राखिएका सामानहरु हटाउने क्रममा कपडा तथा भाडा कुराहरु पक्राउ परेमा ७ दिन भित्र सामान धनी लिन आएमा तपशिल अनुसारको जरिवाना गरी सामान धनीलाइ दिईने छ , निर्धारित समयमा लिन नआएमा लिलामी प्रकृया वाट लिलाम गरिने छ |

- सिरक,डसना,सिरानी प्रति गोटा रु १००|
- भाडा वर्तन,आरी आदि प्रतिगोटा रु ५०|
- प्लाष्टिकका पानी टयाङ्की ५०० लिटर भन्दा कमी क्षमताका रु २००|
- प्लाष्टिकका पानी टयाङ्की ५०० लिटर र सो भन्दा वढी क्षमताका रु ५००|

## ६. सडक पेटीमा निर्माण समाग्रीहरु राख्ने सम्वन्धमा :

कसैलाई पनि निर्माण सामाग्री (वालुवा,गिट्टी,ढुङ्गा,रड वा काठहरु ) सडकमा वा पेटीमा राख्न दिईने छैन | तर वजार क्षेत्र जहा भित्र सम्म सामाग्री वोकेका साधन पुग्न सक्दैनन त्यस्तो अबस्थामा अनुमति लिएर सडक किनारामा निर्माण सामाग्री खसाई भित्र सम्म वोकाएर लैजानु पर्ने छ | अनुमति विना निर्माण सामाग्री सडक पेटीमा राखेमा निम्न अनुसार जरिवाना गरी २४ घण्टा भित्रमा सामाग्री हटाई सक्नु पर्ने छ | तोकिएको समय निर्माण सामाग्री नहटाएमा नगरप्रहरीले सामान उठाएर लैजाने छन | त्यसरी लगिएको सामान नियमानुसार लिलाम गरिने छ |

- एक ट्रकको रु ५००|
- एक टयाक्टरको रु ३००|
- एक फटफटेको रु १००
- रडको प्रति वण्डल रु १००|

## ७. सडकमा राखेर ढलाई गर्ने सम्वन्धमा :

कसैले पनि आफनो घरको ढलाई गर्दा सडकको प्रयोग गर्न पाउने छैन । तर ढलाई गर्न अन्य ठाउ नभएको बाध्यात्मक परिस्थितीमा रु १५००। सम्म सेवा शुल्क लिई सडकमा सवारी आवागमन लाई वाधा नपर्ने गरी अनुमति दिन सकिने छ । त्यसरी ढलाईका लागि प्रयोग गरिएको सडक ढलाई सकिए पछि सम्वन्धित घर धनीले नै सफा गर्नु पर्ने छ ।

## ८.खतारा उत्पन्न गर्न सक्ने रुख कटान गर्ने सम्वन्धमा :

नगरपालिका क्षेत्रमा रहेका कुनै रुख हरु कुनै पनि समयमा लडन सक्ने वा कुनै प्रकार वाट खतरा हो भन्ने उजुर परेमा वा कसैको वगैचा वा कसैवाट रोपिएको रुख वाट खतरा महशुस गरि कसैले उजुर गरेमा नगर प्रहरी वाट अनुगमन गरि त्यस्तो खतरा उत्पन्न गर्ने रुख कटान गरी हटाई सक्ने समय प्रदान गर्ने छ । दिएको समय भित्र रुख कटान नगरेमा रुख कटान गर्न लगाई लागेको खर्च असुल उपर गर्ने प्रकृया अगाडि वढाउनु पर्ने छ।

## ९) खतरा उत्पन्न गर्न सक्ने घर तथा पर्खाल भत्काउने सम्वन्धमा :

नगरपालिका क्षेत्रका कुनै घर तथा पर्खाल राखी राख्दा जुनसुकै समयमा लडन सक्ने र धन जनको क्षति हुन सक्ने अबस्था रहेमा वा कसैको घर वा पर्खाल जीर्ण अबस्थामा पुगी भत्काउनु पर्ने भनी जानकारी आएमा वा उजुरी परेमा प्राविधिक खटाई अनुगमन गरिने छ । प्राविधिकको रिपोर्टमा समेत भत्काउनु पर्ने भनी आएमा नगर प्रहरीले त्यस्ता घर वा पर्खाल भत्काउन समय दिई भत्काउन लगाउनु पर्ने छ । निर्धारित समय भित्रमा नभत्काएमा नगर प्रहरीले सुरक्षा निकाय संग समन्वय गरी भत्काउने व्यबस्था गर्नु पर्ने छ र त्यसरी भत्काउदा लागेको खर्च सम्बन्धित व्यक्ति वाट अशुल उपर गरिने छ ।

## १०) नियम विपरित वनेका घर तथा पर्खालहरु भत्काउने सम्बन्धमा :

नगरपालिका क्षेत्रमा नक्सापास नगरि वा अनुमति नलिई कसैले घर तथा कम्पाउण्ड वाल निर्माण गर्न पाईने छैन । यदि कसैले नगरपालिकाले तोकेको मापदण्ड विपरित निर्माण गरेको पाईएमा र नगरपालिका वाट भत्काउनु पर्ने भनी निर्णय भएमा निर्माणकर्ता लाईनै भत्काउन नगरपालिका वाट समय प्रदान गरिने छ । यदि प्रदान गरिएको समय भित्रमा नभत्काएमा नगरपालिकाले सुरक्षा निकाय संग समन्वय गरि भत्काउने व्यबस्था मिलाउनु पर्ने छ ।

## ११) सार्वजनिक स्थानमा अव्यबस्थित बसोवास नियन्त्रण गर्ने सम्वन्धमा :

यदि कसैले सार्वजनिक स्थान अतिक्रमण गरि बसोवास गर्न खोजेमा वा घर टहरा वनाएमा नगर प्रहरीले त्यस्तो घर टहरा वनाउने व्यक्तिलाई नै हटाई सक्ने समय दिनेछ । त्यसरी दिएको समयमा नउठाएमा प्रहरी प्रशासन संग समन्वय गरी नगरप्रहरीले हटाउने र निर्माण सामाग्रीहरु ल्याई लिलाम गर्ने छ ।

~ ~